# देवताल गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## पिप्राढीगोठ,बारा

पत्र संख्याः०७६/०७७ प्रदेश नं-२,नेपाल

## रुख बिक्री सम्बन्धी शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी ७ दिने सुचना

(प्रथम पटक प्रकाशित मिति ०७६/१०/१३ गते)

उपरोक्त सम्बन्धमा देवताल गाउँपालिका अन्तर्गत विभिन्न वडाहरुमा सार्वजनिक जगामा रहेको तपसिलका रुख विक्री गर्नु पर्ने भएकोले उक्त रुख विक्रीकोलागी शिलबन्दी बोलपत्र आव्हान गरिएको हुदां सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क.स | बिक्री गर्नुपर्ने रुखको विवरण | न्यूनतम अङ्क | कैफियत |
|---|---|---|---|
| १ | देवताल गाउँपालिका वडा नं-६ टोल रौवाही देखी पुर्व जाने बाटोमा रहेको आँपको रुख - थान-२ | ४०,०००। (चालिस हजार) | |
| २ | देवताल गाउँपालिका वडा नं-६ बारवा टोलमा रहेको सुकेको जामुनको रुख - थान-१ | ४०,०००। (चालिस हजार) | |
| ३ | देवताल गाउँपालिका वडा नं-४ स्वास्थ्य चौकी निर रहेको ढलेको सिसौको रुख - था-१ | ७,०००। (सात हजार) | |

शर्तहरुः

१) सिलबन्दी दरभाउपत्र यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र रु. १००।- (फिर्ता नहुने गरी) नगद बुझाई यस देवताल गाउँपालिकाको कार्यालय पिप्राढीगोठ बाराबाट प्राप्त गर्न सकिने छ। सो वोलपत्र फाराममा आफुले कवोल गर्न चाहेको अंक भरी अंक र अक्षरमा समेतको रकम वोलपत्रमा प्रष्ट उल्लेख गरी ०८ औ दिनको १२ वजे भित्र यस गाउँपालिकाकको कार्यालयमा पेश गर्नु पर्ने छ। पेश हुन आएको सिलबन्दी वोलपत्र सोही दिनको २:०० बजे कार्यालयले तोकेको प्रतिनिधि तथा बोलपत्र दाताको रोहवरमा खोलिने छ।

२) रुख खरिद गर्न इच्छुक व्यक्तिहरुले धरौटीवापत आफुले कवोल गरेको अंकको न्यून्तम ५ प्रतिशत धरौटी वापतको रकम यस कार्यालयको सिद्धार्थ बैंक पिप्राढीमा रहेको खाता धरौटी खाता नं. ००२१५३६९६६० जम्मा गरेको सक्कल बैंक भौचर हुनुपर्ने छ।

राजिव कुमार यादव
प्रमुख प्रशासकिय अधिकृत

# देवताल गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## पिप्राढीगोठ,बारा


पत्र संख्या:०७६/०७७ प्रदेश नं-२,नेपाल

३) वोलपत्र तथा सिलवन्दी दरभाउपत्र खाम वाहिर ठेक्काको नाम खुल्ने गरी कार्यालयलाई सम्वोधन गरी पेश गर्नुपर्नेछ।

४) आफुले पेश गरेको वोलपत्र फाराममा कवोल गरको अंक र अक्षरमा स्पष्ट बुझिने गरी लेख्नुपर्नेछ। अंक केरमेट भएमा अक्षरलाई मान्यता दिइनेछ।रितपूर्वक दाखिला भएका वोलपत्र तथा दरभाउपत्रहरु स्विकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालमा निहित रहनेछ।

५) बोलपत्र स्विकृत भएको जानकारी प्राप्त भएको मितिले २ दिन भित्र यस कार्यालय संग सम्झौता गरी रुख कटान गरी लग्नु पर्नेछ। सो म्याद भित्र सम्झौता गर्न नआएमा ठेक्का प्रयोजनको लागि जम्मा गरेको धरौटी जफत गरी त्यसपछी कवोल गर्ने वोलपत्र दाताहरुको वोलपत्रलाई स्विकृत गर्ने तर्फ कारवाही गरिनेछ।

६) बोलपत्र स्विकृत भए पश्चात कबोल गरेको रकम यस कार्यालयको खातामा जम्मा गरी कट्टान पुर्ची लिएर मात्र रुख कटान गरी लग्नुपर्नेछ।

७) यस सूचना उल्लेख नभएका अन्य विषयहरु नेपाल सरकारको प्रचलित ऐन नियम वमोजिम हुने छ।

..............................

राजिव कुमार यादव

नि.प्रमुख प्रशासकिय अधिकृत

राजिव कुमार यादव

नि० प्रमुख प्रशासकिय अधिकृत